# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, माघ १ गते २०६१ साल (अतिरिक्ताङ्क ४३

## भाग ३

### श्री ५ को सरकार
### कृषि तथा सहकारी मन्त्रालयको
### सूचना १

श्री ५ सरकारले बीउ बिजन ऐन, २०४५ को दफा १ को उपदफा १.२ ले दिएको अधिकार प्रयोग गरी ताप्लेजुङ, पाँचथर, ईलाम, झापा, धनकुटा, मोरङ, सुनसरी, सप्तरी सिरहा, धनुषा, सर्लाही, महोत्तरी, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नुवाकोट, कास्की, नवलपरासी, रुपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, बैतडी, दार्चुला, डडेलधूरा र कञ्चनपुर जिल्लाहरूमा २०६१ साल माघ १ गतेदेखि उक्त ऐन प्रारम्भ हुने गरी तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले बीउ बिजन ऐन, २०४५ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमका बीउ बिजनहरूलाई सूचित बीउ बिजन भनि तोक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. अन्नवाली

क) मकै

| क. सं. | बालीको जात | सिफारिस वर्ष | सिफारिश क्षेत्र |
|---|---|---|---|
| १. | मनकामना-३ | २०५६/२००२ | पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रका मध्य पहाडी क्षेत्र (१००० देखि १७०० मिटर-सम्मको उचाईको लागि) |
| २. | गौरव हाईब्रीड़ मकै | २०६०/२००३ | तराई र भित्रीमधेश (हिउँदे खेतीको लागि) |
| ३. | इन्ब्रेड्स एन एम एल १, इन्ब्रेड्स एन एम एल २, | २०६०/२००३ | तराई र भित्रीमधेश (हिउँदे खेतीको लागि) |

ख) चैते धान

| क. सं. | बालीको जात | सिफारिस वर्ष | सिफारिस क्षेत्र |
|---|---|---|---|
| १. | हर्दिनाथ-१ (वीजो १४४२) | २०६०/२००४ | तराई, भित्री मधेश, रिभर बेसिन ८०० मिटरसम्म |

२. दलहन बाली : भटमास

| क. सं. | बालीको जात | सिफारिस वर्ष | सिफारिस क्षेत्र |
|---|---|---|---|
| १. | तरकारी भटमास-१ | २०६०/२००४ | मध्यपहाड़ी क्षेत्र ८००-१५०० मिटर |

३. औद्योगिक बाली : उखु

| क. सं. | बालीको जात | सिफारिस वर्ष | सिफारिस क्षेत्र |
|---|---|---|---|
| १. | जीतपुर-३ | २०६०/२००४ | तराई |
| २. | जीतपुर-४ | २०६०/२००४ | तराई |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४०८

## सूचना ३

बीउ बिजन ऐन, २०४५ को दफा ३ को उपदफा ३.५ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिको सदस्यहरूमा देहाय बमोजिम हेरफेर गरेकाले यो सूचना प्रकाशन गरिएको छ।

३.२ समितिमा देहायका सदस्यहरू रहनेछन्।

३.२.१ सचिव, कृषि तथा सहकारी मन्त्रालय –अध्यक्ष
३.२.२ महानिर्देशक, कृषि विभाग
३.२.३ कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् –सदस्य
३.२.४ प्रबन्धक संचालक, कृषि सामग्री कम्पनी लि. –सदस्य
३.२.५ महाप्रबन्धक, कृषि विकास बैंक
३.२.६ प्रबन्धक संचालक, राष्ट्रिय बीउ बिजन कम्पनी लि. –सदस्य
३.२.७ श्री ५ को सरकारद्वारा मनोनित तरकारी, खाद्यान्न, घाँसे बाली विज्ञानसंग सम्बन्धित वैज्ञानिकहरू तीनजना –सदस्य
३.२.८ बीज विशेषज्ञ (कम्तीमा सहप्राध्यापक), कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय –सदस्य
३.२.९ श्री ५ को सरकारद्वारा मनोनित, बीउ बिजन उद्यमी दुई जना –सदस्य
३.२.१० श्री ५ को सरकारबाट मनोनित बीउ बिजन उत्पादक र कृषक दुईजना –सदस्य
३.२.११ प्रमुख, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र –सदस्य-सचिव

## सूचना ४

श्री ५ को सरकारले कपास विकास समिति (गठन) आदेश, २०३७ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सोही दफा ३ को उपदफा (२) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखी हेरफेर गरेको छ।

"(ङ) कार्यकारी प्रमुख, कपास विकास परियोजना –सदस्य-सचिव"

आज्ञाले,
रामकुमार आचार्य
उपसचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।